हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ७४ पृष्ठ : ४ २०७७ असोज ११ गते आइतबार (Sunday 27 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

## खोला एकातिर, पुल अर्कोतिर

तराई मधेसलाई सुगम क्षेत्र मानिन्छ । तर, तराई मधेसकैं सुगम जिल्ला सिरहाको औरहीमा हिउँद र वर्षायाम बाह्रै मास खोला तर्न सर्वसाधारणले वर्षौदेखि सास्ती भोग्नु परेको छ । खोलामा पुल छ, तर खोलाभन्दा ५ सय मिटर पर । खोला तर्न सास्तीकैं कारण कृषि उत्पादन ओसारपसारमा चार दर्जनभन्दा बढी गाउँका स्थानीय सास्ती भोग्न बाध्य छन् । तराई मधेसकैं विकासको मेरूदण्ड मानिने बहुचर्चित हुलाकी सडकको सिरहा खण्ड बरियारपट्टीमा पूर्व प्रधानमन्त्री एवं नेकपाका अध्यक्ष पुष्पकमल दाहालले २०७४ चैत ६ गते मंगलबार शिलान्यास गर्दा यस भेगका जनतामा खुसीको सीमा नै थिएन ।







त्यसो त वि.सं. १९०३ देखि २००८ सम्म राणाशासक जंगबहादुरबाट हुलाकी मार्ग निर्माणको थालनी र जुद्धशम्शेर, पदम शम्शेर हुँदै बिभिन्न कालखण्डमा पटक पटक शिलान्यास भएपनि अधुरो छाडिएको यो मार्ग बन्नेमा यस क्षेत्रका वृद्धवृद्धा र स्थानीय ढुक्क थिएनन् । तर भौतिक पूर्वाधार

बाँकी २ पेजमा

## मिर्चैयामा बिद्यालय सञ्चालन हुने

**सिरहा** । सिरहाको मिर्चैया नगरपालिकाले आइतबारदेखि नगरका सबै विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ ।

नगर शिक्षा समितिको शुक्रबार बसेको बैठकले सामुदायिक तथा निजी विद्यालय सञ्चालन गर्ने निर्णय गरेको हो । स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर विद्यालय संचालन गर्ने निर्णय भएको नगरपालिकाका शिक्षा अधिकृत भरत कुमार बानियाले बताएका छन् ।




विद्यालय प्रवेश गर्नुअघि

बाँकी ३ पेजमा

ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045

## प्रदेश २ ले संघ सरकारलाई भन्यो 'अबिलम्व प्रहरी समायोजन गर'

**जनकपुर** । प्रदेश २ का आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र कुमार यादबले संघीय सरकारका गृहमन्त्री रामबहादुर थापालाई पत्र पठाएर अबिलम्व प्रहरी समायोजन गर्न माग गरेको छ ।

ऐन निर्माण भएपनि प्रहरी समायोजनतर्फ संघीय सरकारले चासो नदिएको भन्दै मन्त्री यादबले गृहमन्त्री थापालाई पत्र पठाएका हुन् । ऐन बनेको आठ महिना वितिसक्दा पनि प्रहरी समायोजन गर्नेतर्फ चासो नदिएको पत्रमा मन्त्री यादबले आरोप लगाएका छन् ।

'नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा १२ (१) मा प्रदेश प्रहरीको परिचालन र सुपरिवेक्षण प्रदेश सरकारले गर्ने छ भन्ने स्पष्ट व्यवस्था छ', पत्रमा भनिएको

बाँकी ३ पेजमा

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।
हाम्रा संकायहरू :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५

NET TV

छिटो भनेकै WORLDLINK
Lahan Office : Call : 033-561429, 033-561430
Mirchaiya : 033550505, Golbazar : 9801186055, Kalyanpur : 031-540229
MORE THAN JUST HIGH SPEED INTERNET
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
FREE
SAFENET
PARENTAL CONTROL
VIRUS PROTECTION
AD BLOCKING
WEB FILTERING
Make the Internet a safer place for your kids. Help them get the best out of the Internet.
WORLDLINK
For Registration & More Information Dial: 9801523050 | SMS: < Call > to 35465
Email: sales@worldlink.com.np | www.worldlink.com.np | facebook/wlink.np



फ्रेण्डस मोडल हस्पिटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## खोला ...

तथा यातायातमन्त्री रघुबीर महासेठ सहित नेकपाका अध्यक्ष दाहालबाट मार्गको शिलान्यास हुँदा हुलाकी मार्ग बन्नेमा स्थानीय ढुक्क बनेका थिए । शिलान्यास भएको दुई वर्ष बित्न लागिसक्दा समेत मार्ग निर्माण हुनु त परै जाओस शिलान्यास गरेको स्थलदेखि ३ किलोमिटर पश्चिम हुलाकी सडक अन्तर्गत गागन खोला छिचोल्न सर्वसाधारणले सास्ती व्हहोर्नु परेको छ । कारण १० वर्षभन्दाअघि निर्माण गरिएको पुल मुनी खोला बग्दैन । औरही र बरियारपट्टी सीमामा रहेको गागन खोलाले पुल निर्माण भएको केही वर्षमैं धार परिवर्तनगरि पुलभन्दा ५ सय मिटर पूर्वबाट बग्न थालेपछि बाह्रैमास सर्वसाधारणले सास्ती व्होर्नुपरेको हो । धार फेरेको खोलामा बाह्रै महिना पानी बग्छ । झन बाढीको समयमा दुई महिनासम्म स्थानीयलाई वारपार गर्न गाह्रो हुन्छ । १० वर्षभन्दाअघि हुलाकी राजमार्गको सिरहा खण्डको औरही पुर्व गागन खोलामा सडक डिभिजनले पुल बनाएपछि त्यस भेगका स्थानीयबासीको खुशीको सीमा नै थिएन । सदरमुकाम सिरहा बजार आउजाउ गर्न हुलाकी राजमार्ग वरपरका स्थानीय १५ किलोमिटर उत्तरको पुर्व पश्चिम राजमार्ग छिचोल्दै धनगढी, गोलबजार, चोहर्वा हुँदै फेरो मारेर ५० किलोमिटर दूरी तय गर्न बाध्य थिए । सदरमुकाम पुग्न भरदिन लाग्थ्यो । तर गागन खोलामा पुल बनेपछि स्थानीयले त्यो दुःख सहजै बिर्से । तर उनीहरूको त्यो खुशी धेरै वर्ष टिकेन । निर्माण सम्पन्न भएको केहीवर्षपछि आएको ठूलो बाढीले पुलदेखि उत्तरको पुर्वी बूँध भत्काएपछि खोला ५ मिटर पूर्व धार परिवर्तन गरि बहन थाल्यो ।

'धार परिवर्तन गरेपछि हाम्रो दुःखको दिन फेरि सुरु भयो' औरहीका ७५ वर्षीय मोहम्मद नथुनीले भने 'खोला तर्न अहिले सास्ती व्होरिरहेका छौं ।' उनका अनुसार वर्षायाममा दुई महिना सदरमुकाम सिरहा बजार र वरपरका गाउँसूग सम्पर्क विच्छेद नै हुन्छ । वर्षायाममा अस्थायी बाँसको पुल(चचरी) बनाएर स्थानीय खोला तर्न बाध्य हुन्छन् ।

यस क्षेत्रबाट जितेर गएका सांसददेखि मन्त्रीसम्म बनेपनि सबैले बेवास्ता गरेको स्थानीयको गुनासो छ । बरियारपट्टीका ८० वर्षीय लक्ष्मी यादव भन्छन् 'नेताहरूलाई पटक पटक भत्किएको बूध पुनर्निमाण गर कि अर्को बाटो भएर बगेको खोलामाथि पुल निर्माण गर भन्यौ, कसैले हाम्रो कुरा सुनेनन् ।' स्थानीय नेताले त सुनेनन नै दुई वर्षअघि पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल आएर सडक निर्माणको शिलान्यास गरिसक्दा समेत नबनेपछि हुलाकी राजमार्ग बन्ने आशा मरेको उनले सुनाए । उनका अनुसार हिउँदमा जसोतसो यातायात सुचारू हुँदा १४ किलोमिटर दूरीको सदरमुकाम क्षणभरमै पुग्थ्यौं ।

सदरमुकाम सिरहा बजारमात्र होइन औरही गाउँपालिकाको १ देखि ५ वडाका बासिन्दालाई गाउँपालिका केन्द्र पुग्न पनि गागन खोला तर्नैपर्छ । खोलाबाट गाउँपालिका पुग्न सवा किलोमिटर दुरी मात्रै छ । वर्षामा एउटै गाउँपालिकाका बासिन्दालाई यतादेखि उता आउन जान धौंधौं पर्छ । 'वर्षामा स्थानीयले बनाएको बूसको फाटकबाट तर्नुपर्दा १० रूपैयाँदेखि ५० रूपैयाँसम्म तिरेर खोला वारपार गर्नुपर्छ' कमलपुरका रामलखन ठाकुरले भने 'त्यो पनि बाढीको भेल ठुलो हुँदा तर्न सकिन्न ।' उनले हुलाकी मार्ग बन्यो भने यस क्षेत्रको आर्थिक लगायत विकासले फडको मार्ने र यो सडक भएर भारतको लदनीया, जयनगरबजार पुग्न सहज हुने बताए ।

'यो सडक निर्माण भएमा जिल्लाको दक्षिणवर्ती भगवानपुर, ठाडी, इनरूवा, नवराजपुर, बरियारपट्टी, औरही लगायत चार दर्जन बस्तीका बासिन्दालाई सदरमुकाम सिरहा बजार आवत जावतमा सहज हुन्छ,' उनले भने 'यो सडक जीर्ण र गागन खोलामा पुल नभएकै कारण यस भेगका बासिन्दा पूर्व पश्चिम राजमार्ग हुँदै ५० किलोमिटर दूरी तय गरी सदरमुकाम सिरहा बजार पुग्न बाध्य छौं ।'

सिरहा अन्तर्गत बलानदेखि कमला नदीसम्मको २९.८८ किलोमिटर खण्डमा तीन वर्षभित्र पक्की हुलाकी सडक निर्माण गर्न स्वच्छन्द-रोशन-महादेव खिम्ती जेभी कम्पनीले १ अर्ब २० करोड २० लाख रूपैयाँको बोलपत्र सकार गरेको छ । पुरानो, जीर्ण भएका र बन्न बाूकी गरी १२० कल्भर्ट उक्तसडक खण्डमा निर्माण गरिने योजना थियो । तर ठेकेदार कम्पनीले समेत केही महिना माटोको काम गरेर छाडेको स्थानीयले सुनाए ।

औरही गाउँपालिकाका अध्यक्ष सिद्धार्थ दास यादवले हुलाकी राजमार्ग भएर बग्ने सबै खोलानालाको एकै पटक लागेको ठेक्कामा यो खोलामाथिको पुल पनि परेको जानकारी दिए । 'सबैतिरको खोलानालाको पुल र कल्भर्ट बनिसक्यो तर यो खोलाको काम भने सुरू भएको छैन', उनले भने, 'हुलाकी राजमार्गमा कालोपत्रे, पुल, कल्भर्ट निर्माण गर्ने जिम्मेवारी हुलाकी सडक डिभिजनले लिएको छ तर हाम्रो गाउँपालिका अन्तर्गतको कामकारबाहीबारे जानकारी हामीलाई दिइएको छैन ।'

# नेपालको सन्दर्भमा प्रजातान्त्रिक समाजवादको नमुना

*अघिल्लो अंकको बाँकी*

मार्क्सले औद्योगिक क्रान्तिको क्रममा भएका



**बिपी कोइराला राजनीतिक अभिलेख**

प्रतिक्रियाहरूबाट एउटा स्थापित समाजमा नयाँ आवश्यकताहरू उत्पन्न भएको देखे । अधिकारका मागहरू उठिरहेका थिए र मजदुरहरूका विभिन्न किसिमका आन्दोलनहरू उठिरहेका थिए । त्यसबखत रोबर्ट ओवेनहरूको विचार युरोप वा अमेरिकामा किन असफल भयो भन्ने छलफल चलिरहेको थियो । मार्क्स पनि त्यस बहसमा प्रवेश गरे । यथार्थमा मार्क्स आउनुभन्दा पहिले पनि केही रोचक घटनाहरू भइसकेका थिए । मार्क्सको विचार आउनुभन्दा पहिले कसले के-के भनेका थिए भन्नेतर्फ म अहिले जान चाहन्नँ । मार्क्सले भनेका थिए, 'इतिहासबाट नपाकीकन कुनै पनि फल तयार हुँदैन । इतिहासको क्रममा कुनै पनि व्यवस्थाको उपयोगिता समाप्त नभई त्यो व्यवस्था जाँदैन र त्यसको उपयोगिता समाप्त भइसकेको छ भने त्यो व्यवस्था टिक्दैन । त्यसो हुँदा पहिलेको सामन्ती समाजको अवस्थासँग तुलना गर्दा पुँजीवादको उपयोगिता छ । त्यसलाई जबसम्म अपरिचित साधनहरू उपलब्ध हुँदै जान्छन्, तबसम्म त्यसको उपयोगिता रहन्छ र जबसम्म त्यसको उपयोगिता रहन्छ, तवसम्म त्यसलाई परित्याग गर्न सकिदैन, त्यो रहिरहन्छ । त्यसको त्यो सम्भावना जुन दिन लोप हुन्छ, त्यसको उपयोगिता पनि समाप्त भएर जान्छ । त्यसो हुँदा इतिहासको क्रमलाई बाहेक गरेर कुनै अवस्थालाई हेर्‍यो भने त्यो बुझ्न सकिँदैन ।'

अर्को सन्दर्भमा मार्क्सले भने, 'इतिहासलाई चलाउने कुरा अर्थतन्त्र हो । मानिसले आफ्नो पेट भर्नका निम्ति, आफ्नो आवश्यकता पूरा गर्नका निम्ति काम गर्छ । त्यसरी काम गर्ने क्रममा समाज बन्दछ । मानिसको आर्थिक प्रक्रियालाई झिकिदिने हो भने समाज नै बन्दैन । आर्थिक प्रक्रियामा समाज निर्माण हुन्छ ।' उनले उदाहरण दिँदै भने, 'पहिले समाज कम्युनिज्मको प्रारम्भिक अवस्थामा थियो । त्यसबेला खेतीपाती हुँदैनथ्यो । त्यसपछि मानिसले खेती गर्ने प्रक्रिया आविष्कार गर्‍यो, खेती आविष्कार हुनेबित्तिकै तीन वा छ महिनाको मेहनतले मानिसलाई वर्षभरि खान पुग्ने भयो । त्यसभन्दा अघि खानका लागि दिनहुँ सिकार गर्नुपर्ने, दिनहुँ आहार खोज्नुपर्ने अवस्था थियो । खेतीको आविष्कार भएपछि मानिस आदिम साम्यवाद वा सम्पत्तिको स्वामीको अवस्थामा आइपुग्यो । सम्पत्तिको भावना आउनासाथ कसैले मेरो सम्पत्ति भनेर बसेको छ भने 'आफू मरेपछि कसले पाउने ?, मेरो छोरोले पाउनुपर्छ' भन्ने भावना उत्पन्न हुन थाल्यो । बिहावारीको कठोर बन्धनमा आफूलाई नबाँधेसम्म छोरा कसको हो भन्ने अन्यौल कायम हुने थियो । अनि बिहेवारीको भावना आयो । आफ्नै छोराले सम्पत्ति पाउनुपर्छ भन्ने सिद्धान्त प्रतिपादन हुनेबित्तिकै बिहेमा कट्टरता आयो । यसरी सम्पत्तिको सन्दर्भ आउनासाथ बिहेको आवश्यकता उपस्थित भइहाल्यो, स्वामित्वको कुरा हुनेबित्तिकै वर्गभेद सुरु भइहाल्यो । पहिलेको अवस्थामा त कसैले पनि कसैलाई नोकर राख्न नै सक्तैनथ्यो । कसैलाई किन खुवाउने ? दिनभरि फल खोज्थ्यो, आफैँ खान्थ्यो । नोकर राख्ने प्रयोजन नै भएन । अब, खेतीबाट धेरै अन्न उत्पादन हुन थाल्यो, जसले गर्दा दसवटा नोकर राख्न सम्भव हुन थाल्यो । अनि, दस जनालाई काम गराएर आफू बसेर खाने अवस्था उत्पन्न हुन थाल्यो । यसरी पूर्ण रूपमा आर्थिक कारणबाट वर्गको सिर्जना भयो । निजी सम्पत्ति हुनेबित्तिकै त्यसको स्वामित्वमा विवाद हुन थाल्यो । अनि निजी सम्पत्ति बचाउनका लागि कानुनको आवश्यकता पर्न थाल्यो ।' मलाई लाग्छ, अहिले ९९.९ प्रतिशत मुद्दाहरू निजी सम्पत्तिसँग सम्बन्धित छन् । आज अत्याधिक ज्यान-मुद्दाको पछाडि पनि निजी सम्पत्ति नै कारण बनेको हुन्छ भन्ने मलाई लाग्छ । बलात्कारका २-४ वटा मुद्दाहरू होलान्, ती मुद्दालाई घुमाई-फिराई हेर्ने हो भने प्रेरक तत्त्व निजी सम्पत्ति नै देखापर्न सक्छ । मार्क्सले भने, 'यसरी सम्पत्तिका लागि कानुन बन्यो र कानुनलाई चलाउने सरकार पनि त्यसैबमोजिम बन्यो ।' त्यसो हुँदा एउटा सानो आर्थिक कारणबाट यो अट्टालिका, समाजको विशाल अट्टालिका निर्माण भएको छ । अरु धेरैले यस्तो भनेका छन्, तर मार्क्सले यसको क्रमबद्ध विवेचना गरेका छन् ।

मार्क्सले पुँजीवादको गुणको पनि चर्चा गरेका छन् । समाजका ढाँचाहरू कसरी टुट्छन् भन्ने सन्दर्भमा म यहाँ एउटा उदाहरण दिन्छु । हाम्रो गाउँ दुम्जामा पहिले सबैको मामाजिक सम्बन्ध निर्धारित थियो । मेरो जुत्ता बनाउने सार्कीको आफ्नो खेत हुँदैनथ्यो । त्यस्तै, दमाई र कामीको पनि पेशा निर्धारित भएको अवस्था थियो । उनीहरू आफ्नो पेशा गरेर सामाजिक सम्बन्धमा बाँच्ने गर्दथे । अब छाला कारखानाले नयाँ सङ्कट ल्याइदियो । छाला-जुत्ता कारखानाले भन्यो, 'म यस गाउँको सबै छाला किन्छु' । यस्तो प्रस्ताव आउनासाथ गाउँको मुख्य व्यक्तिले भन्न थाल्यो, 'अब मेरो घरमा मरेका गाई-भैंसीको छाला सार्कीले पाउँदैन, म छाला कारखानालाई बेच्छु ।' अनि कम्पनीको मानिस गाउँमा आएर छाला किन्न थाल्यो । सार्कीलाई पनि लाग्यो, मैले त्यस कम्पनीमा काम गरेँ भने बेसी पैसा पाउँछु । यसरी त्यो पुरानो सामाजिक शृङ्खला टुट्न थाल्यो । एउटा सानो कारखानाको भूमिकाले गर्दा समाजको पुरानो व्यवस्था खल्बलिन थाल्यो । सुरुमा जुत्ता काराखानामा जुत्ता बनाउने काममा सार्की नै लाग्यो, तर त्यस कारखानालाई हिसाब राख्ने मानिस पनि चाहियो । त्यो काम बाहुनको छोराले पायो । अनि बाहुनको छोरो अलग्गै बसेर त्यस कारखानामा कारिन्दाको काम सुरु गर्छ । पछि-पछि उसले आफ्नो परिवार पनि कारखानामा लग्छ । अब सार्की र बाहुनको भेद त्यहाँ कति दिनसम्म कायम रहला ? यस प्रकार हाम्रो परम्परागत समाज विच्छृङ्खल हुन थाल्यो । बाहुनले सार्कीसँग मिलेर काम गर्न थाल्यो । कारखानानजिक पेशाका लागि एउटा चिया पसल खुल्यो । सुरुमा बाहुनलाई अप्ठेरो पर्‍यो होला, उसले छुट्टै बसेर चिया खायो होला । तर केही समयपछि त्यस पसलमा बाहुन र सार्कीबीच भेद राख्न सम्भव भएन । पुरानो सभ्यता र चलनलाई पुँजवादी ढाँचाबाट चलेको एउटा कारखानाले ध्वस्त गरिदिएको उदाहरण हो, यो । जुत्ता कारखाना खुलेर मात्र भएन मानिसले जुत्ता किन्नु पनि पर्‍यो । पहिले त कारखानाको जुत्ता सस्तो पाइन्छ भनेर मानिसले किन्न सुरु गर्छन् । तर जुत्ता किन्ने व्यक्तिहरूमा त्यही कारखानामा काम गर्ने व्यक्तिहरू पनि पर्दछन् । जुत्ता कारखानाका मजदुरहरूले आफ्नो तलबबाट खानुपर्छ र परिवार पाल्नुपर्छ । उनीहरूको जीवन धेरै थोरै उस्तै हुन्छ । उता, त्यस जुत्ताको उत्पादन लागत र त्यसको बिक्रीबाट आउने मूल्यको अन्तरमा मुनाफा देखिन थाल्छ । त्यसपछि त्यस कारखानाले निक्कै पैसा कमाउँछ । पैसा कमाएपछि कारखानाको मालिकले म अब अर्को कारखाना खोल्छु भन्छ । अर्थात्, ऊसँग अर्को कारखाना खोल्ने पुँजी सञ्चित भयो । यसरी पुँजीले उद्योगधन्दाको विकास गर्दछ । पुँजीपतिले कमाएको पैसा फेरि पुँजीमै लगानी गर्दछ र फेरि पैसा कमाउँछ । किनभने उसले कारखाना सुरु गर्नुको कारण यथावत् हुन्छ । त्यो कारण हो, पैसा कमाउने चाहना । एकलाख पैयाँ साथमा हुँदा उसले कारखाना खोलेको थियो भने अब त ऊसँग दस लाख भइसकेको हुन्छ । उसले दस गुना बेसी पैसा कमाएपछि त्यो चाहना डढेलो लागेजस्तो बढ्दै जान्छ, विस्तार हुँदै जान्छ । मुनाफामा आधारित पुँजीवादको विकास यसरी सुरु हुन गयो । मैले जुत्ता कारखानाको मात्र उदाहरण दिएँ, तर यो उदाहरण अरू कारखानामा पनि लागू

———बाँकी ३ पेजमा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**


# मिर्चैयामा...

साबुन पानीले हात धुन लगाएर मास्कसहित मात्रै प्रवेश गराउने निर्णय समितिले गरेको छ । कक्षा सञ्चालन गर्दा सामाजिक दूरी कायम हुने सिˆटमा सञ्चालन गर्ने र एउटा डेस्कमा दुई जना विद्यार्थी मात्र राख्नुपर्नेछ । विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ र पाठ्यक्रम विकास केन्द्रबाट जारी गरिएको पाठ्यक्रम समायोजन ढाँजा २०७७ लाई मध्यनजर राख्दै पठनपाठन गर्न र विद्यार्थीलाई गृहकार्य दिने र मूल्यांकन गर्ने गर्नुपर्ने समेत समिचिदे भनेको छ । लकडाउन अवधि वैशाखदेखि भदौसम्म कुनै पनि शुल्क विद्यालयले अभिभावकसँग लिन नपाउने नगर शिक्षा समितिको निर्णय छ । शिक्षा समितिको बैठकले कुनै समुदायको घर परिवार कोरोनाबाट संक्रमित भएमा बालबालिकालाई विद्यालयमा नआउन जानकारी गराउने निर्णय गरेको छ । विद्यार्थीलाई रूघाखोकी, ज्वरो लागेमा त्यस्तालाई विद्यालयमा नआउन भन्ने तथा चेकजाँच गर्न जाने व्यवस्था मिलाउने निर्णय भएको बानियाले जारी गरेको सूचनामा उल्लेख छ । कुनै व्यक्तिमा कोरोनाका लक्षण देखिएमा तुरन्त नजिकको स्वास्थ्य केन्दमा सम्पर्क गर्ने र शिक्षक, कर्मचारी र विद्यार्थीको नियमित उपस्थित हुने व्यवस्था मिलाउन पनि सबै विद्यालयलाई निर्देशन दिएको छ । कोरोना संक्रमणबाट जोगिन भएको बन्दाबन्दीका कारण पछिल्लो ६ महिना यता मुलुकभरकै विद्यालय बन्द रहेको छ । शनिबार मात्र शिक्षा पत्रकार समाजले आयोजना गरेको कार्यक्रममा शिक्षा मन्त्री गिरिराजमणि पोखरेलले तत्कालका लागि विद्यालय नखोल्न आग्रह गरेका छन् ।

# प्रदेश २...

छ, सोही ऐनको दफा १२ (२) मा प्रदेशको आन्तरिक शान्ति सुरक्षाको सम्बन्धमा प्रदेश प्रहरी प्रदेश सरकार प्रति उत्तरदायी हुने व्यवस्था छ ।' पत्रमा भनिएको छ, 'प्रहरी समन्वय ऐन राष्ट्रपतिबाट २०७६ माघ २८ गते नै प्रमाणीकरण भई कार्यान्वयनमा आएको पनि झण्डै आठ महिना वितिसकेको छ । कानूनतः प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी हुनु पर्ने हो । तर व्यवहारमा प्रदेश प्रहरी प्रदेश सरकार प्रति उत्तरदायी हुन नकसेको अवस्था छ ।'

'संविधानको अनुसुची ६ को क्रम संख्या १ ले प्रदेशको शान्ति सुरक्षा प्रदेशको एकल सुचीमा राखेको अवस्था छ,' मन्त्री यादबले पठाएको पत्रमा भनिएको छ, 'अतः नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ कार्यान्वयनको सन्दर्भमा दफा १२ (१) र १२ (२) बमोजिम प्रदेश प्रहरीको परिचालन, खटनपटन लगायतका कार्य प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत गर्न गराउन आवश्यक व्यवस्थापन तथा हस्तान्तरण यथाशीघ्र गर्नु हुन अनुरोध छ ।'


प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्या:-
चलानी नं.:- १६८/२०७६/७८
मिति: २०७६।६।९

मान्नीय गृहमन्त्री ज्यु
गृह मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

विषय : नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा १२ (१) मा प्रदेश प्रहरीको परिचालन र सुपरिवेक्षण प्रदेश सरकारले गर्ने छ भन्ने स्पष्ट व्यवस्था छ । सोही ऐनको दफा १२ (२) मा प्रदेशको आन्तरिक शान्ति सुरक्षाको सम्बन्धमा प्रदेश प्रहरी प्रदेश सरकार प्रति उत्तरदायी हुने व्यवस्था छ ।

यो प्रहरी समन्वय ऐन सम्मान्नीय राष्ट्रपतिज्यूबाट २०७६ माघ २८ गते नै प्रमाणीकरण भई कार्यान्वयनमा आएको पनि झण्डै आठ महिना विति सकेको छ । कानूनतः प्रदेश प्रहरी प्रदेश सरकार प्रति उत्तरदायी हुनु पर्ने हो । तर व्यवहारमा प्रदेश प्रहरी प्रदेश सरकार प्रति उत्तरदायी हुन नसकेको अवस्था छ । परिचालन तथा खटन पटनको सम्बन्धमा समन्वय हुन सकेको छैन । साथै प्रदेश नं. २ मा प्रदेश प्रहरी ऐन समेत विद्यमान रहेको यहाँलाई अवगत नै छ । प्रहरी समायोजन ऐन, २०७६ समेत कार्यान्वयनमा गइसकेको अवस्था छ ।

कोभिड १९ को कारणले प्रहरी समायोजनमा केही ढिलाइ हुन गएता पनि प्रदेश प्रहरीको संरचना कार्यान्वयनमा आइसकेको छ । संविधानको अनुसुचि ६ को क्रम संख्या १ ले प्रदेशको शान्ति सुरक्षा प्रदेशको एकल सुचीमा राखेको अवस्था छ ।

अतःनेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६कार्यान्वयनको सन्दर्भमा दफा १२ (१) र १२ (२) बमोजिम प्रदेश प्रहरीको परिचालन, खटनपटन लगायतका कार्य प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत गर्न गराउन आवश्यक व्यवस्थापन तथा हस्तान्तरण यथाशीघ्र गर्नु हुन अनुरोध छ ।

ज्ञानेन्द्र कुमार यादव
मन्त्री

# नेपालको...

हुन्छ । पुँजीवाद त्यसबेला अवनतितर्फ लाग्छ, जतिबेला बजारमा मालसामानको बिक्रीबाट कम मुनाफा आउन थाल्छ । सामान किन्ने मानिसहरूसँग पैसा नै नभएको अवस्थामा सामान बिक्न छोड्छ । मालसामानको उत्पादन हुने ठाउँमा सबै मालसमान बिक्दैन, सामान नबिकेपछि मुनाफा पनि हुँदैन । मुनाफा घट्दै गएपछि पुँजीवादमा सङ्कट सुरु हुन्छ । अनि, मजदुरहरूले कारखानमाथि आधिपत्य कायम गर्ने व्यवस्थाको खाँचो पर्न थाल्छ र समाजवादको सुरुवात हुन्छ । पुँजीवादबाट समाजवादमा सङ्क्रमण हुँदा मजदुर वर्गले नेतृत्व लिन्छन् ।

तर समाजवादभन्दा अगाडि पुँजीवादको अवस्थामा एउटा सानो वर्गको पुँजीपतिको हितको निम्ति पुँजीको संरक्षण गर्न राष्ट्रको कानुन बनेको हुन्छ । त्यस्तो समाजमा वैवाहिक सम्बन्ध र यावत् सामाजिक संरचना पुँजीको संरक्षणकै लागि बनेको हुन्छ । मार्क्सको भनाइमा, आमजनताले, मजदुरवर्गले क्रान्ति गरे र सत्तामा पुगे भने त्यो अवस्था रहँदैन, अर्कै कानुन बन्छ ।

समाजवादको जन्मदाता यही व्यक्ति हो भन्न सकिँदैन । तल्लो किसिमको जीवबाट विकास हुँदै माथिल्लो किसिमको जीवको विकास हुँदा मासिनको रूप धारण गऱ्यो भन्ने जीव विकासको सिद्धान्त छ । तर मानिसको रूप लिने पहिलो व्यक्ति यो थियो, यसबाट दुनियाँका सन्तानहरू जन्मिए भनेर कसैले पनि भन्न सक्तैन । त्यसै गरी समाजवादको जन्मदाता यही हो भनेर सकैले पनि भन्न सक्तैन । तर स्टुअर्ट मिल, अमेरिकी क्रान्तिकालका नेताहरू वा फ्रान्सेली क्रान्तिका नेताहरू, इतिहासमा यस्ता जति पनि प्रजातन्त्रका हिमायती युगपुरूष देखापरे, उनीहरू सबै प्रजातान्त्रिक समाजवादको विचारधाराको विकासमा योगदान गर्ने व्यक्तिहरू हुन् । यो प्रजातान्त्रिक पक्ष हो । त्यसबाहेक, यो समानताको पक्ष पनि हो । समाजमा हामी देख्छौं, एउटा वर्गलाई खानेकुराको रोजीछाडी छ, फालाफाल छ, उसलाई धेरै खाएर अपच हुन्छ । त्यही समाजको अर्को वर्ग खान नपाएर भोकभोकै मरिरहेको छ । यसतर्फ सबैभन्दा पहिले कसले विचार गऱ्यो होला, त्यो भन्न सकिँदैन । तर त्यो सबैले देखेका छन् । समाजमा देखिएको यस्तो विषमता, आर्थिक विषमता कसरी दूर हुन सक्छ भन्ने भावना आयो । यसमा दुई प्रकारका भावना आए । तीमध्ये 'मानिस स्वतन्त्र छ, मानिसलाई कसैले खटन गर्नुहुँदैन, ऊ आफैं आफ्नो भाग्यको निर्णय र समाज निर्माण गर्ने सामर्थ्य राख्ने तत्त्व हो' भनेर प्रजातान्त्रिक पक्षतर्फबाट बोल्ने सबै दार्शनिकहरू, राजनीतिज्ञहरू समाजवादका जन्मदातामध्येका हुन् । त्यस्तै, 'कुनै पनि विषमता वा आर्थिक विषमताको कुनै विकल्प छैन र ? यसलाई हटाउन सकिँदैन र ? 'यस्तो चिन्तन जस-जसले गरे र त्यसमा हटाउने आ-आफ्नोतर्फबाट योगदान दिए, बहस गरे, 'तिम्रो धारणा ठीक छैन, मेरो ठीक छ' भनेर जस-जसले तर्क गरे, ती सबै प्रजातान्त्रिक समाजवादका जन्मदाता हुन् । त्यसो हुँदा, प्रजातान्त्रिक समाजवाद त्यस्तो सभ्यता हो, प्रजातान्त्रिक समाजवाद त्यस्तो नदी हो, जसको प्रवाह ठूलो छ, तर यसले साना-साना नदीहरूबाट पानी ओसारेर ल्याउँछ ।

कम्युनिस्टहरूसँग प्रजातान्त्रिक सन्दर्भमा हाम्रो ठूलो मतभेद छ । आर्थिक सन्दर्भमा धेरै मतभेद नभए पनि केही मतभेद होला । आर्थिक सन्दर्भमा गाउँमा समेत मतभेद हुन्छ । कुलो कताबाट लैजाने भन्ने प्रश्न आयो भने गाउँलेहरूबीच त्यसमा मतभेद हुन्छ । एउटाले कुलो यताबाट लग्दा पानी सबैभन्दा बढी आउँछ, पानीको दुरूपयोग हुँदैन यताबाट लैजाने भन्छ र अर्कोले कुलो यताबाट लग्दा पानी सबैभन्दा बढी आउँछ, पानीको दुरूपयोग हुँदैन, यताबाट लैजाने भन्छ । स्वार्थको दृष्टिबाट मात्र होइन, सामूहिक भलाइको प्रश्नमा पनि उनीहरूबीच मतभेद हुन्छ । त्यसर्थ आर्थिक विषमता हटाउने कार्यक्रमका सन्दर्भमा समाजवादीहरूबीच पनि मतभेद हुन सक्छ र यसमा समाजवादी र साम्यवादीहरूबीच पनि मतभेद हुन सक्छ । साम्यवादीहरूसँग प्रजातान्त्रिक समाजवादीहरूको मौलिक अन्तर 'यसको निर्णय कसले गर्ने ? कुलो यताबाट लग्ने कि उताबाट लग्ने ? आर्थिक कार्यक्रमको विवादको निर्णय कसले गर्ने ?' भन्ने प्रश्नमा छ । समाजवादीहरू भन्छन्, यसको निर्णय त्यहाँका जनताले आँफैले गर्छन् । साम्यवादीहरू भन्छन्, यसको निर्णय मैले गर्ने हो । मेरो सरकार छ भने यसको निर्णय मैले नै गर्ने हो, उनीहरू यस्तो भन्दछन् । उनीहरू यस्तो निर्णयका लागि अरू मानिसहरूलाई बोल्नै दिँदैनन् । साम्यवादीसँगको प्रजातान्त्रिक समाजवादीहरूको सबैभन्दा ठूलो मतभेद यसैमा छ । विपक्षीहरूको पनि दृष्टिकोण हुन्छ, त्यो पनि सुन्नुपर्छ भन्ने उनीहरू मान्दैनन् । जनताले रोजे भने विपक्षीहरूसँग पनि सरकार बनाउने अधिकार हुन्छ भन्ने उनीहरू मान्दैनन् । उनीहरू साम्यवादी पार्टीबाहेक अरू कुनै पार्टीलाई काम गर्न दिँदैनन् । यहाँको पञ्चायती व्यवस्था साम्यवादीहरूको ढाँचाको सरकार नभए पनि त्यसलाई त्यही रूपको ढाँचा दिने कोसिस भइरहेको छ । साम्यवादीहरू अरू विरोधी पक्षलाई बोल्ने अधिकार दिदैनन् । प्रजातान्त्रिक समाजवादीहरू र साम्यवादीबीचको मुख्य फरक यही हो । *क्रमश :*

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# शिक्षामा पालिकाको हात जगरनाथ

**पालिका बहस**

**डा. विजयप्रसाद मिश्र**

नेपालको सार्वजनिक शिक्षालाई ग्लोबलाइजेशनले अतिक्रमण गरिरहेको छ । सबैतर्फबाट आक्रमणमा परिरहेको छ । कम पूँजी भएकाहरूको लागि सार्वजनिक सेवा नै जीवन निर्वाहको आधार हो । यसको संरक्षण, प्रबर्धन गर्ने कामका लागि विश्वव्यापी रूपमा पहलहरू भइरहेका छन् । नेताहरूको इच्छाशक्ति भएपनि त्यसलाई कार्यान्वयन गराउने कुरामा आफू प्रत्यक्ष संलग्न नहुने परिपाटीले सार्वजनिक शिक्षाका लागि बनाइएको सबै असल नीति र नियमहरू दस्तावेजहरूमा सिमित भइरहेका छन् । बाहिरबाट हेर्दा शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षामा सरोकार राख्ने सबै सार्वजनिक शिक्षाको पक्षमा देखिएको जस्तो लाग्छ तर यी सबै थोर बहुत रूपमा सार्वजनिक शिक्षाको दुर्दशाको दोषिहरू हुन । सबैले यसको समस्याहरू देखाउँदा अरूको दोष देखाउँछन् । यहाँ जति दोष देखाउन चाँसो लिइन्छ त्यत्तिकै समाधानको उपायहरूको खोजी गरिदैन । त्यसैले सार्वजनिक शिक्षा अहिले समस्यै समस्याबाट गुज्रिरहेको छ । बालविकास केन्द्रदेखि प्लस टूसम्मको अधिकार पाएको पालिकाको हात जगरनाथ झैं भएको छ ।

सार्वजनिक विद्यालयहरूले राम्रो उत्पादन गर्न सकेन । उसले अभिभावक र विद्यार्थीको चाहनालाई पनि आत्मसाथ गर्न सकेन । वा सकिरहेको छैन । शिक्षकहरूको व्यक्तित्वले समाजका जुन आर्थिक हैसियतका अभिभावकका बालबालिका सार्वजनिक विद्यालयमा पढ्छन् उनीहरूको व्यक्तित्वमा हाबी भएकाले पनि शिक्षकलाई डर त्रास छैन । केही औलामा गन्न सकिने शिक्षकहरू सार्वजनिक शिक्षाको प्रगतीका लागि चिन्तित छन् । तर उनीहरू एक्लो छन् वा शिक्षकको जमातमा उनीहरूको आबाजको बहुमत पुग्दैन । गाउँघरका विद्यालयहरूमा अनुगमनको अभावले सिकाइका प्रक्रिया काम हुने र घोकन्ते प्रक्रियालाई प्राथमिकता दिएको पाइन्थ्यो । हिजो आज पालिकाको हातमा माध्यमिक तहसम्मको पढाइ परेपछि अनुगमन हुन थालेको छ । केही सुधार भएजस्तो देखिन्छ तर त्यसमा पनि राजनीतिक गन्ध आइरहको छ ।

सार्वजनिक विद्यालयहरू, शिक्षकहरूले विद्यार्थी र अभिभावकको चाहना अनुसार चलन नसकेपछि अहिले विद्यार्थीहरु निजी स्कूलप्रति पलायन भइरहेका छन् । शिक्षामन्त्री परिवर्तन हुनेवित्तिकै शिक्षा नीतिमा परिवर्तन हुन्छ । नेपालमा शिक्षा नीति धेरै पटक परिवर्तन भइरहेका छन् । कागजमा, गोष्ठी, सम्मेलनमा धेरै त्यस्ता दस्तावेजहरू छन् तर सार्वजनिक विद्यालयको पढाईको गुणस्तर बढाउने, शिक्षण सिकाईका विधिहरूमा आत्मियता ल्याउने र शैक्षिक सामग्रीहरूको बहुउपयोग गर्ने र स्थानीय सीप, श्रोत र साधनलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सक्ने खालको नीतिहरू नै बन्न सकेको छैन । नीति बनेको भएपनि त्यो नेताको भाषण र सरकारी कार्यालयहरूको फाइल र पुस्तकहरूमा सिमित छ । पालिकाले ती नीति र नेताको पछि लाग्ने होइन । प्रशंसनीय खोज (एप्रिसियटिभ इन्क्वाइरी ) को सिद्धान्तका आधारमा शिक्षालाई अगाडि बढाउनु आजको आवश्यकता हो । हामी कुनै समस्या समाधान गर्न पहिले त्यहाँ के के समस्याहरू छ त्यसको पहिचान गर्न तर्फ लाग्दछौं । समस्या खोजिहिड्ने जहिले पनि समस्यामा अल्झिरहन्छ । जतिसुकै अप्ठेरो परिस्थितिमा विद्यालयमा शिक्षक, विद्यार्थीहरूले केही न केही राम्रा काम गरिरहेका हुन्छन् । भौतिक पूर्वाधार कम भएपनि त्यसभित्र पनि केही राम्रो पक्षहरू लुकेको हुन्छ । हामीले समग्र विद्यालयका सवलपक्षहरू के के छन् त्यसको खोजी गरेर भविष्यमा कहाँ पुग्ने र त्यहाँसम्म पुग्नका लागि भएका सबल पक्षलाई कसरी सदुपयोग गर्ने भन्ने ढाँचा बनाएर अघि बढ्नु पर्दछ । शिक्षक विद्यार्थीलाई उनीहरूको सबल पक्ष खोज्न लगाउँदा खुशी पनि हुन्छन् र यसले सकारात्मक सन्देश दिने र आत्मबल बढन गई सबै आफ्नो सबलपक्षलाई अझ सशक्त बनाउन अग्रसर हुन्छन् र समस्यामा अल्झिदा मन मस्तिष्कमा त्यही कुरा खेलिरहन्छ र मनोवैज्ञानिक रूपमा सबैलाई कमजोर बनाउँछ । सकारात्मक सोचका साथ अघि बढ्नका लागि विद्यालय परिवारभित्र सम्भाव्यताको खोजी गर्नु नै सबैभन्दा उपयुक्त माध्यम हुन्छ ।

नेपाल संघीयतामा गएपछि यहाँको शिक्षा नीतिमा आमूल परिवर्तन गर्नका लागि माध्यमिक तहसम्मको शिक्षालाई हेरचाह गर्ने काम पालिकालाई दिएको छ । पालिका आफ्नो क्षेत्रको सार्वजनिक शिक्षाको गुणस्तर बढाउन तल्लिन छ । पालिकामा रहेका सामुदायिक, संस्थागत र धार्मिक विद्यालयको पढाइलाई पूर्वप्राथमिक, आधारभुत, माध्यमिक तहमा विभाजन गरी सबै तहका लागि फरक फरक तरिकाहरू अवलम्बन गर्ने रणनीतिहरू तय हुँदैछ । स्थानीय परिवेश, समुदायको चाहना र भौगोलिक कारणले गर्दा पनि सबै विद्यालयमा एकै किसिमको नीति लागू गर्नु हुन्न । सार्वजनिक शिक्षालाई उपयोगी बनाउनका लागि समुदायस्तरमै बहस हुनु पर्दछ । हामी संग स्रोत नभएको होइन । हामीसंग सोच नै छैन । सधैं नकारात्मकमै रमाउँछौं । यदि तपाईले समृद्धि खोज्नु भयो भने समृद्धि पाउनु हुन्छ । यदि गरिबी खोज्दै हिड्नु भयो भने गरिबी नै सधैं हात लागि रहन्छ । तपाई जे कुरामा बढी ध्यान दिनु हुन्छ त्यही कुरा बिस्तारै सामाजिक रूपमा स्थापित हुन्छ । त्यसैले पालिकाले शिक्षामा आवश्यक प्रगती गर्नु छ भने सोच बदल्ने र तरिका बदल्ने कामलाई पहिलो प्राथमिकता दिनु पर्दछ । विद्यालयको विकास चाहनु हुन्छ भने विकासका कारणहरूको खोजी गर्नु होस । शिक्षकहरू जति ठूलौ सोचका साथ कक्षामा छिर्नु हुन्छ विद्यार्थीले उती बढी लाभ लिन्छ । तपाई कक्षा टार्ने सोचका साथ जानुभएमा विद्यार्थीमा पनि



घण्टी टार्ने मेलोको विकास हुन्छ । आखिर सबै शिक्षकको योग्यता उत्तिकै हो । सबै माध्यमिक विद्यालयहरूले बुढानिलकण्ठ जस्तो पढाउने सोचका साथ किन अघि नबढ्ने ?

विद्यालयहरूले गर्ने गतिविधिहरूलाई स्थलगत रूपमा अवलोकन र कुराकानी गर्दा धेरै समस्याहरू खोज्ने चलन अनुगमन कर्ताहरूको छ । अबदेखि समस्या होइन सम्भाव्यताहरूको खोजिगरिदिनुहोस ।

सरकारले 'हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा' भन्ने नारा बनायो । नेपालको संविधानमा शिक्षालाई मौलिकहक भित्र पारियो । सरकारको अर्को नारा, 'एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइ स्थायित्व' गरेर प्रधानमंत्री स्वयं यसमा सहभागी भएर प्रोत्साहन दिएपनि व्यवहारमा आफैले पढाईदिने भनेकाको पनि विद्यालयमा नियमितता नभएको कुरा बाहिर आएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा १-८ को आधारभूत शिक्षा र कक्षा ९-१२ को माध्यमिक शिक्षा रहने गरी १२ वर्षे औपचारिक विद्यालय शिक्षाको नयाँ स्वरुप लागू गरेको छ । हाल आधारभूत शिक्षा भन्नाले एक वर्षको प्राारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सहित कक्षा ८ सम्मको शिक्षा तथा माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई जनाउँछ । माध्यमिक तहमा विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्था गरिएको छ । विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक तहको कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक विषयहरूको शिक्षण-सिकाइलाई सुदृढ गरेर लैजाने लक्ष्य लिएको छ । तर के शिक्षण सिकाइको तौर तरिकालाई यसले प्रभावित गर्न सक्दछ ?

अभिभावकको चाँसो कम छ । विद्यालयमा राजनीतिक हस्तक्षेप छ । शिक्षकहरूमा निरासा छ । शिक्षा नीति राजनीतिबाट प्रभावित छ । सामुदायिक विद्यालयको स्तर खस्किएको छ । नीजि विद्यालय बढी छ र सामुदायिक छैन । नेता नै शिक्षाको व्यापारमा छन् । यी यस्तै समस्याका कुरा बढी गर्दछौं । तर त्यही समस्या भित्र पनि केही स्पेशल राम्रा गुणहरू लुकेको हुन्छ । हामी त्यसको खोजी गर्ने र सदुपयोग गर्ने अभियानमा लागौं । सबै पालिकालाई आग्रह छ जबसम्म यहाँहरू प्रशंसनीय खोजको सिद्धान्तलाई समात्नु हुन्छ तबसम्म लक्ष्यमा पुग्न सक्नु हुन्न । एउटा सपना देख्नुस । र, त्यो सपनामा विश्वास छ भने चमत्कार गर्न सक्नु हुन्छ । तर, सपना मै विश्वास हराएपछि जहाँ छौं त्यो भन्दा तल तल झर्न सक्छौं ।

नेपालको संविधान २०७२ ले अनुसूची ६ मा प्रदेशको अधिकारको सूची भित्र प्रदेश विश्वविद्यालय,उच्च शिक्षा, पुस्तकालय र संग्रहालय लाई राखेको छ भने अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची भित्र आधारभूत र माध्यमिक शिक्षालाई राखेको छ । यहाँ माध्यमिक शिक्षा भन्नाले १२ कक्षासम्मको शिक्षालाई बुझ्नु पर्दछ । अनुसूची ५ मा संघको अधिकारको सूची भित्र केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्याय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालयलाई राखिएको छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिकालाई समावेश गरिएको छ । संविधानको भाग १८ को स्थानीय व्यवस्थापिक अन्तर्गत धारा २२६ मा कानुन बनाउन सक्ने : (१) गाउँ सभा र नगर सभाले अनुसूची ८ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानुन बमोजिम हुनेछ । भनी उल्लेख गरिएको छ ।

प्रदेश कानुन बमोजिम स्थानीय निकायले कानुन बनाउने भनेपछि यहाँ एक अर्काको बीच अन्तरसम्बन्ध देखिएको छ । कानून बनाउने प्रक्रियाको राम्रो ज्ञान नभएका व्यक्तिहरूलाई यो प्रक्रिया पूरा गर्न कठिनाइ हुन्छ । तर हरेस खाइ हाल्नु हुन्न । जब आईपर्छ तब सिकाइ हुन्छ भन्ने हो । स्थानीय स्तरमा पनि दक्ष जनशक्ति छ । जसलाई प्रयोग गर्नुपर्ने हुन्छ । मुख्यरूपमा सार्वजनिक शिक्षालाई माथीबाट सुधार गर्न सकिन्न । तलबाट सुधारका काम थालनी गर्नु पर्दछ । यसकालागि समुदाय तहमा विद्यालय र समुदायबीच स्थानीय जनप्रतिनिधिहरूको रोहवरमा सबल पक्षको खोजी गर्दै त्यसलाई सदुपयोग गर्ने योजना बनाउनु पर्दछ । विद्यालय संचालन सम्बन्धि आचारसंहिता बनाउने र त्यसप्रति शिक्षक र विद्यार्थीलाई प्रतिबद्ध हुन अभिप्रेरित गर्नु पर्दछ । पालिकाले अभिभावकमा बालबालिका पढाउने इच्छा शक्ति जागृत गराउने उपायको खोजी गरिनु पर्दछ । दलित गरिब बस्तीमा गएर कुराकानी गर्दा पढेर के हुन्छ र जति पढेपनि जागिर पाइन्दैन भन्ने मानसिकता छ । नीति र कानुनमा शिक्षाको विकासमा अभिभावकको भूमिकालाई केन्द्रबिन्दुमा राखेर बनाइनु पर्दछ । पालिकाले शिक्षाका लागि गर्नु पर्ने अझ धेरै छ । अर्को पालिका बहसमा थप गर्नुपर्ने काम र एप्रिसियटिभ इन्क्वाइरीको बारेमा छलफल गरौंला । आफ्नो हात जगरनाथ भनेजस्तै पालिकाका पदाधिकारी र कर्मचारीहरूले पनि आफ्नो हातमा आएकोले शिक्षामा पालिकाको हात जगरनाथ नहोस । धन्यवाद ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी

कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)